# नेपाल विद्युत प्राधिकरण

## दैनिक भ्रमण खर्च विनियमावली, २०६५ (संशोधन सहित) मा संशोधन प्रस्ताव

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्ने कारण |
|---|---|---|
| ८(क) नरहेको | ८(क)<br>१. नेपाल सरकारले तोकेको होमस्टे तथा भौगोलिक, प्राकृतिक, धार्मिक, सामाजिक, सांस्कृतिक तथा एतिहासिक पर्यटकीय गन्तव्य स्थलहरुमा नेपाल विद्युत प्राधिकरणबाट नियुक्त कर्मचारी (स्थायी, म्यादी, करार र ज्यालादारी) लाई निजले रोजेको स्थानमा भ्रमण गर्न प्रत्येक वर्ष दुई पटक गरी बढीमा १० दिनको पूरा तलब सहितको पर्यटन बिदा दिइने छ।<br>२. पर्यटन बिदा लिने कर्मचारीले विदा अवधि भुक्तान भएको ३५ दिन भित्र आफु कार्यरत कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने छ।<br>३. पर्यटन बिदा लिने कर्मचारीले आफ्नो स्थायी ठेगाना र ससुराली रहेको स्थानमा भ्रमणमा जान पाउने छैन।<br>४. कर्मचारीले पर्यटन बिदामा जानुपूर्व अधिकार प्राप्त अधिकारी बाट बिदा स्वीकृत गराउनुपर्ने छ।<br>५. अधिकार प्राप्त अधिकारीले कार्यालयको कार्य सम्पादनमा असर नपर्ने गरी आफु मातहतका कर्मचारीहरुलाई आलोपालो गरी एक आर्थिक वर्षको अवधि भित्र मातहतका सबै कर्मचारीलाई पर्यटन बिदा दिनुपर्ने छ।<br>६. पर्यटन बिदा अवधिलाई सार्वजनिक बिदा बाहेक EPR प्रयोजनको लागि हाजिरी गणना गरिने छ।<br>७. पर्यटन बिदा सञ्चित हुने छैन। | नेपाल सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०७८।०७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्यमा व्यवस्था गरेको पर्यटन काजलाई नेपाल विद्युत प्राधिकरणमा समेत कार्यान्वयन गराउनका लागि। |